
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १०४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० बैशाख १५ गते शुक्रबार ❑ 28 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गण्डकी प्रदेशको मुख्यमन्त्रीमा पाण्डे नियुक्त

**पोखरापत्र संवाददाता**
पोखरा, १४ बैशाख

गण्डकी प्रदेशको चौथो मुख्यमन्त्रीमा नेपाली काँग्रेस संसदीय दलका नेता सुरेन्द्रराज पाण्डे नियुक्त भएका छन् । पाण्डेलाई बिहीबार प्रदेश प्रमुख पृथ्वीमान गुरुङले मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् ।

पाण्डेलाई नेपाली काँग्रेसका २७, नेकपा(माओवादी केन्द्र)का सात र एक स्वतन्त्र गरी ३५ सांसदको समर्थन रहेको थियो ।

गत वैखाख १२ गते प्रदेश प्रमुखले संविधानको धारा १६८ को उपधारा २ बमोजिम प्रदेशमा नयाँ सरकार गठनका लागि आह्वान गरेको थियो । वर्तमान मुख्यमन्त्री खगराज अधिकारीले गत शनिबार संसदमा विश्वासको मत प्राप्त गर्न नसकेपछि प्रदेशमा नयाँ सरकार गठनको प्रक्रिया सुरु भएको हो ।



गण्डकीमा काँग्रेस र माओवादीले आलोपालो सरकार सञ्चालनको सहमति गरेका छन् । सुरुको पालोमा काँग्रेसले सरकारको नेतृत्व गर्ने अवसर पाएको हो । नवनियुक्त मुख्यमन्त्री पाण्डेले शुक्रबार पद तथा गोपनियताको शपथ लिने भएका छन् । मुख्यमन्त्रीमा नियुक्त भएसंगै पत्रकारसँग सक्षिप्त कुराकानी गर्दै नवनियुक्त मुख्यमन्त्री पाण्डेले शुक्रबार नै सानो आकारको मन्त्रीमण्डर विस्तार गर्ने भएको बताए । साथै उनले आफुलाई समर्थन गर्ने दलहरुलाई समेत समेटेर जाने बताए । अघिल्लो सरकारले १२ वटा मन्त्रालयबाट झारेर ७ मा ल्याएकोले त्यसलाई कायमै गर्ने मुख्यमन्त्री पाण्डेले बताए । सरकारले अब छिट्टै बजेट समेत बनाउनु पर्ने भएको उल्लेख गरेका उनले अबको बजेट प्रदेशको दिगो विकासको लागि केन्द्रित हुने बताए । अबको बजेट पर्यटन, जलबिद्युत र कृषिलाई पहिलो प्रथामिकता दिने मुख्यमन्त्री पाण्डेले बताए । प्रदेशलाई आत्मनिर्भर बनाउने अभियानमा आफुहरु लाग्ने कृषिलाई व्यवसायीक बनाउने उनले बनाए । माओबादी केन्द्रका संसदीय दलका नेता हरिबहादुर चुमानले आधा अवधि माओबादी केन्द्रको नेतृत्वमा सरकार बन्ने सहमति भए अनुसार हाल कागेंसलाई समर्थन गरेको बताए । सरकारमा के तपाई पनि जानुहुन्छ की भन्ने पत्रकारको प्रश्नमा उनले पार्टीले यस बिषयमा जे निर्णय गर्छ सोही निर्णय मान्छौ । हाल गठन भएका मन्त्रालयहरु केही हेरफेर गर्नुपर्ने भएको उनले जनाए ।

गण्डकी प्रदेशमा पृथ्वीसुब्बा गुरुङ पहिलो, कृष्णचन्द्र नेपाली पोखरेल दोश्रो र यस अघि खगराज अधिकारी मुख्यमन्त्री भएका थिए । ६० सदस्य रहेको गण्डकी प्रदेश सभामा एमालेका २२ र राप्रपाका २ जना सांसद रहेकाछन् । माओबादी केन्द्रका सभामुख रहेका छन् । सत्ता साझेदार माओवादी केन्द्रले गत चैत १० गते समर्थन फिर्ता लिएपछि अघिल्लो सरकार अल्पमतमा परेको थियो ।

यसैगरी गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले एकताबद्ध भएर समृद्धि र विकासमा जुट्न दलहरूलाई आग्रह गर्नुभएको छ । गण्डकी प्रदेशमा नयाँ मुख्यमन्त्रीका रूपमा सुरेन्द्रराज पाण्डेलाई नियुक्त गरेसँगै संक्षिप्त प्रतिक्रिया दिँदै उहाँले यस मन्त्रिपरिषद्ले मुलुकको समसामयिक परिस्थितिलाई दृष्टिगत गरेर मुलुक र जनताको आकाङ्क्षालाई सर्वोच्च प्राथमिकतामा राख्दै अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो । सरकारले प्रदेशमा सुशासन र समृद्धि कायम गर्ने विश्वास व्यक्त गर्दै उहाँले एकताबद्ध भएर संसद्मा विकास निर्माणको कुरामा अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो । भर्खरै उपनिर्वाचनबाट आएको परिणामले सरकार र संसद्लाई ठूलो चेतावनी दिएको भन्दै प्रदेश प्रमुख गुरुङले अब विगतका दलहरूले विगतकै तरिकाले काम गरेर नहुने उल्लेख गर्नुभयो । प्रदेशको आर्थिक गतिविधि अघि बढाउने, औद्योगिक विकास एवं पर्यटन क्षेत्रलाई गतिशील बनाउने र सबैको उत्साहलाई समेटेर नेतृत्व गर्न उहाँले आग्रह गर्नुभयो ।

## लुम्बिनी प्रदेशको मुख्यमन्त्रीमा कांग्रेसका चौधरी नियुक्त

**रासस**
लुम्बिनी, १४ बैशाख

लुम्बिनी प्रदेशको मुख्यमन्त्रीमा नेपाली कांग्रेस संसदीय दलका नेता डिल्लीबहादुर चौधरी नियुक्त हुनुभएको छ । उहाँलाई प्रदेश प्रमुख अमिक शेरचनले संविधानको धारा १६८ को उपधारा २ बमोजिम आज मुख्यमन्त्रीमा नियुक्त गर्नुभएको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता ऋषिराम पन्थीद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

नवनियुक्त मुख्यमन्त्री लुम्बिनी प्रदेशको चौथो मुख्यमन्त्री हुनुहुन्छ भने नेपाली कांग्रेसबाट यस प्रदेशमा सरकारको नेतृत्व गर्ने पहिलो हुनुहुन्छ । प्रदेश सरकारमा नेकपा (एमाले) नेतृत्वको सरकारका मुख्यमन्त्री लीला गिरीले प्रदेशसभामा गत सोमबार राखेको विश्वासको मतको प्रस्ताव बहुमतले अस्वीकृत भएपछि प्रदेश प्रमुखले मङ्गलबार संविधानको धारा १६८ को उपधारा २ बमोजिम सरकार गठनका लागि आह्वान गर्नुभएको हो । प्रदेश प्रमुख शेरचनले आज अपराह्न ४ बजेसम्म उपधारा २ बमोजिम सरकार गठन हुने विश्वासिलो आधारसहित आउन दलहरूलाई आह्वान गर्नुभएको थियो ।



प्रदेश प्रमुखले दिनुभएको समय बिहीबार अपराह्न ४ बजेसम्म अन्य कुनै सदस्यको दाबी नआएकाले समयसीमाभित्र प्रदेशसभा सदस्य कांग्रेस संसदीय दलका नेता चौधरीको आठ राजनीतिक दल र स्वतन्त्रसहित ५३ सदस्यको समर्थन हस्ताक्षरसहित संविधानको धारा १६८ उपधारा २ बमोजिम दाबी पर्न आएको विज्ञप्तिमा उल्लेख छ । प्रदेश प्रमुखले तोकेको समयसीमाबमोजिम कांग्रेस संसदीय दलका नेता चौधरीलाई मुख्यमन्त्री नियुक्त गर्न कांग्रेससहित गठबन्धन दलका सदस्यहरूले सरकारको दाबी प्रस्तुत गरेका हुन् । उहाँलाई मुख्यमन्त्री नियुक्त गर्न नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टी नेपाल, राष्ट्रिय जनमोर्चा र नेकपा (एकीकृत समाजवादी)सहित आठ दल र स्वतन्त्र सदस्यको समर्थन रहेको छ । गत पुस २७ गते माओवादी केन्द्रसहितका दलको समर्थनमा संविधानको धारा १६८ को उपधारा २ बमोजिम मुख्यमन्त्री नियुक्त हुनुभएका गिरी राष्ट्रपतिको निर्वाचनमा केन्द्रीय समीकरण परिवर्तनसँगै सत्ता साझेदार दलहरूले चैत १२ गते समर्थन फिर्ता लिएपछि अल्पमतमा पर्नुभएको थियो ।

सोही दिन सत्ता गठबन्धनका नेताहरूले कांग्रेसको नेतृत्वमा सरकारको दाबीसहित प्रदेश प्रमुखसमक्ष निवेदन पेस गरेका थिए । तर प्रदेश प्रमुखले सरकारलाई ३० दिनभित्र विश्वासको मत लिन पाउने संवैधानिक व्यवस्थाअनुरुप मुख्यमन्त्री गिरीले गत सोमबार विश्वासको मतका लागि प्रदेशसभामा प्रस्ताव गर्नुभएको हो । विश्वासको मत पाउन नसकेर सरकार ढलेपछि मुख्यमन्त्री गिरीले प्रदेश प्रमुखसमक्ष धारा १६८ को उपधारा ३ बमोजिम सरकार गठन हुनुपर्ने दाबी प्रस्तुत गर्नुभएको थियो । प्रदेश प्रमुख शेरचनले भने संविधानको व्यवस्था, सर्वोच्च अदालत संवैधानिक इजलासको व्याख्यात्मक नजीरसहित महान्यायाधिवक्ता कार्यालयको रायसुझावका आधारमा मङ्गलबार पुनः उपधारा २ बमोजिम सरकार गठनका लागि आह्वान गर्नुभएको हो । लुम्बिनी प्रदेशमा ८७ सदस्यीय प्रदेशसभामा एमालेका २९, कांग्रेसका २७, माओवादी केन्द्रका ११, राप्रपाका र नागरिक उन्मुक्ति पार्टीका चार-चार जना, जनमत पार्टी, जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीका तीन-तीन जना, राष्ट्रिय जनमोर्चा र एकीकृत समाजवादीका एक-एक र स्वतन्त्र एक जना सदस्य रहेका छन् । मुख्यमन्त्री नियुक्तिपछि चौधरीले आफूहरूले यसअघि प्रदेश प्रमुखसमक्ष बुझाएको पत्र सरकार गठनका लागि बहुमतमा रहेको जानकारी मात्र गराएको र आज उक्त विषयलाई सिद्ध गरेको बताउनुभयो । उहाँले प्रदेश प्रमुखसमक्ष पहिले बुझाएको पत्रमा जस्तै अहिलेको दाबीमा सरकार गठनका लागि प्रदेशसभाका ५३ सदस्य यथावत रहेको र मुख्यमन्त्री बन्नका लागि औपचारिक दाबी गरिएको बताउनुभयो । उहाँले लुम्बिनी प्रदेशमा सरकारको नेतृत्व आलोपालो गर्ने सहमति भएको र राजनीतिमा सबै विषय सहमतिमा हुने बताउनुभयो । नवनियुक्त मुख्यमन्त्रीको शपथ कार्यक्रम शुक्रबार अपराह्न प्रदेश प्रमुखको कार्यालयमा हुने बताइएको छ ।

## पाँच पत्रकारलाई पुरस्कार, भण्डारी र खनाल सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, १४ बैशाख


प्रेस चौतारी पत्रकारिता पुरस्कार २०७५-०७९ यहाँका पाँच पत्रकारलाई प्रदान गरिएको छ । प्रेस चौतारी कास्कीले बिहीबार दुई दशक बढी समयदेखि पत्रकारिता गरिरहेका अग्रज पत्रकार हरुलाईसम्मान तथा पुरस्कार अर्पण गरेको हो ।

समाधान दैनिकका प्रधान सम्पादक रामकृष्ण ज्ञवाली, चौतारी कास्कीका पूर्व अध्यक्ष तथा समाधान दैनिकका उपसम्पादक श्याम कुँवर, एभरेष्ट मिडिया हाउसका सिईओ दीपेन्द्र श्रेष्ठ, चौतारी कास्कीका सल्लाहकार केशव पाठक र चौतारीका केन्द्रीय सचिव सुष्मा पौडेललाई पुरस्कार प्रदान गरिएको हो । पुरस्कारको राशि जनही११ हजार १११ रूपैंया र सम्मानपत्र छ । कार्यक्रममा प्रेस चौतारी पत्रकारिता सम्मान पत्रकार राजु भण्डारी र सावित्री खनाललाई अर्पण गरिएको छ । नेकपा एमालेका उपमहासचिव तथा पूर्वमुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ, सचिव एवं गण्डकी प्रदेश ईन्चार्ज, पूर्वमन्त्री पद्मा अर्याल, स्थायी कमिटि सदस्य एवं संगठन विभाग प्रमुख, निवर्तमान मुख्यमन्त्री खगराज अधिकारी, प्रेस चौतारी नेपालका अध्यक्ष गणेश बस्नेतलगायतले सम्मान एवं पुरस्कार अर्पण गरे । प्रमुख अतिथि गुरुङले जनताको बलबाट प्राप्त उपलब्धिको रक्षाका लागि प्रेस जगतको महत्वपूर्ण भूमिका रहेको बताए । प्रेस चौतारीका ईन्चार्जसमेतरहेकागुरुङलेसंविधान, राष्ट्रियता, स्वाधीनता, स्वतन्त्रता र स्वाभिमानको रक्षामा पत्रकारहरुले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने उल्लेख गरे । उपमहासचिव गुरुङले



जसको कुनै नीति, सिद्धान्त र विकासको रोडम्याप छैन, त्यसले समाजलाई भ्रममा पारिरहेको टिप्पणी गरे । 'जनताका समस्या हटाउन, आवश्यकता पुरा गर्न अब सबै ठूला पुराना राजनीतिक दल संगठित हुनुपर्छ,' गुरुङले भने, एमाले र नेपाली कांग्रेसको विकल्पमा बनेको नयाँ दलहरुको भविष्य छैन, दर्शन र सिद्धान्त स्पष्ट नहुने पार्टीबाट विकासको अपेक्षा गर्न सकिँदैन । उनले मूलधारका दलहरुमा पनि सुधारको खाँचो औंल्याए । गण्डकीका पूर्व मुख्यमन्त्री समेत रहेका उनले प्रदेश सरकारहरुले संघीयताअनुरुप काम गर्नुपर्ने, समस्या कहाँ छ, पत्ता लगाउनुपर्ने सुझाव दिए । 'मुलुकले खोजेको सुशासन र विकास हो । भिजन नयाँ हुनुपर्छ,' उनले भने, ' दक्षिणपन्थी अवसरवाद परास्त गर्नुपर्छ ।' ८० वर्षको वृद्धमा पनि नयाँ भिजन छ भने उही नेतृत्वमा जान सक्ने उनको भनाइ थियो । एमालेका सचिव अर्यालले सत्यतथ्यमा आधारित समाचार सम्प्रेषण गरी जनतालाई सुसूचित गर्न प्रेस जगत सधैँ सचेत हुनुपर्नेमा जोड दिइन् । प्रेसले घट्ना घटेको जानकारी मात्र होइन घट्ना घट्नुको कारण पनि खोज, अनुसन्धान गर्नुपर्ने अर्यालले सुझाव दिइन् । समाजमा अराजकता बढ्न नदिन सचेत हुनुपर्ने बताउँदै विश्वराजनीतिको केन्द्र दक्षिण एशिया किन भइरहेको छ, खोजी गर्नुपर्ने सुझाइन् । निवर्तमान मुख्यमन्त्री अधिकारीले संविधानको रक्षाका लागि पत्रकार राजनीतिभन्दा माथि उठ्नुपर्ने आवश्यकता औंल्याए । अधिकारीले गण्डकीमा संविधानको धाराअनुसार सरकार नबनेर आफूखुसी सरकार बनाउन लागिएको टिप्पणी गरे । उनले समाजलाई सही दिशामा डोऱ्याउन मिडिया चनाखो हुनुपर्ने सुझाव दिए । प्रेस चौतारी नेपालका अध्यक्ष गणेश बस्नेतले नेपाली प्रेसले लोकतन्त्रका पक्षमा कलम चलाउँदै आएको उल्लेख गरे । पोखराको पत्रकारिताले प्रदेशको सिंगो पत्रकारितालाई अगुवाइ गरेको बताए । उनले विभिन्न आन्दोलन र प्रेस स्वतन्त्रताका लागि खबरदारी गर्नुपर्ने बताए । पत्रकार महासंघका नेताहरु संविधानविरोधी काममा लागेको आरोप लगाउँदै यसको खबरदारी गर्नुपर्नेमा उनको जोड छ । पुरस्कारले हौसला प्रदान गरेको पुरस्कृत व्यक्तित्वद्वय रामकृष्ण ज्ञवाली र सुस्मा पौडेले बताए । सबैभन्दा ठूलो कुरा स्वाभिमान रहेको भन्दै अबका दिनमा अझै क्रियाशिल भएर लाग्ने उनीहरुको भनाइ थियो । प्रेस चौतारी गण्डकी प्रदेश अध्यक्ष इन्द्रप्रसाद पौडेलले देशभरका १२

बाँकी अन्तिम पृष्ठमा ▶▶

# पोखरा स्पोर्ट्स अवार्डलाई सहारा युकेको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १४ बैशाख

सहारा क्लव पोखराको भातृ संस्था सहारा युकेले पोखरा स्पोर्ट्स अवार्डलाई सहयोग गर्ने भएको छ। ७ औं पोखरा स्पोर्ट्स अवार्डलाई सहारा युकेले नगद ५० हजार सहयोग गर्ने भएको हो।

सहारा युकेका अध्यक्ष ले.रि.कुशाङ गुरुङले सहारा युकेले संस्थागत रुपमा सहयोग गर्ने भएको पोखरा स्पोर्ट्स अवार्ड अन्तर्राष्ट्रिय समन्वय समितिका संयोजक केशव पाठकलाई बताएका छन्। "पोखरा स्पोर्ट्स अवार्ड आफैमा गौरव गर्ने कार्यक्रम हो" अध्यक्ष गुरुङले भने- "विगत तिन वर्ष देखि हामीले निरन्तर सहयोग गर्दै आएका छौं। यो पटक समेत सहयोग गर्न पाउँदा हामीलाई खुसी लागेको छ।"

यसै गरी स्पोर्ट्स अवार्डलाई विदेशबाट सहयोग आउने क्रम जारी रहेको छ। सहारा क्लव पोखराका मानार्थ सदस्य तथा सहारा युकेका संस्थापक सल्लाहकार द्वय महेश गुरुङ र लोक बहादुर गुरुङ जनही नगद १०-१० हजार पोखरा स्पोर्ट्स अवार्डका लागि सहयोग गर्ने भएका छन्। त्यसै गरी पूर्व राष्ट्रिय खेलाडी तथा समाजसेवी रुपक गुरुङले नगद १० हजार, रामबजार सोसाइटि



युकेका अध्यक्ष राम गुरुङ, रामबजार निवासी तथा समाजसेवी चिनकाजी गुरुङ तथा पोखरेली मञ्च युकेका सल्लाहकार पोखरा ९ निवासी नरजङ्ग गुरुङले जनही नगद ५-५ हजार सहयोग गर्ने भएका छन्। पोखरा स्पोर्ट्स अवार्ड अन्तर्राष्ट्रिय समन्वय समितिका सह-संयोजक सुदर्शन रञ्जितका अनुसार अवार्डका लागि भलिबलका पूर्व राष्ट्रिय खेलाडी तथा प्रशिक्षक मञ्जु गुरुङले समेत सहयोग गर्ने भएकी छन्।

यहीं बैशाख २३ गते शनिबार दिउँसो २ बजेबाट पोखरा सभागृह हलमा आयोजना हुने अवार्ड कार्यक्रममा लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिने छ।

वर्ष खेलाडी पुरुष र वर्ष खेलाडी महिला हुन सफल खेलाडीले टेल्जि नेपालको टाइगर इलेक्ट्रिक स्कुटर र ट्रफी हात पार्ने मञ्चका महासचिव राजाराम पौडेलले जनाए। वर्ष उत्कृष्ट उदियमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक वर्ष उत्कृष्ट खेल पत्रकार र वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लबतर्फका विजेताले नगद ३५ हजार रुपैयाँको साथमा ट्रफी पाउने छन्। लाइफटाइम अचिभमेन्ट अवार्ड प्राप्त गर्नेनलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्ला सम्मान गरिनेछ। अवार्ड कार्यक्रमलाई सफल बनाउन विभिन्न क्षेत्रबाट सहयोग प्राप्त भएको मञ्चले जनाएको छ। यसरी सहयोग गर्नेमा गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, राष्ट्रिय खेलकुद परिषद, प्रदेश खेलकुद परिषद गण्डकी, सिटिजन फर्निचर ट्रेड लिंक, आभ्या क्लब, परिचय एड्भर्टाइजिङ, नेपाल पर्यटन बोर्ड, टेल्जि नेपाल रहेका छन्। नेपाल औषधी व्यसायी संघ कास्की, अन्नपूर्ण गाउँपालिका, माछापुच्छे गाउँपालिका, रुपा गाउँपालिका, मादी गाउँपालिका, केल्मीको नेपालको लागि आधिकारीक बिक्रेता कामारु ट्रेडिङ प्रा.लि., हाम्रो हस्तकला काठमाण्डौं, पब्लिक टेलिभिजन, सरुमा चुलो, भूतपूर्व खेलाडी मञ्च, नेपाल हवाई खेलकुद संस्था, सहारा हङकङ, क्लासिक चुलो, वल्ड लिंक, होटल बाराही, फुडमाण्डु, पोखरा महानगरपालिका वडा नं.३, ४, ९ र १५, पश्चिमाञ्चल सामुदायिक अस्पताल, लगायतले समेत सघाउने तय भैसकेको छ। यसैगरी उदीयमान खेलाडीको पुरस्कार सहारा क्लब पोखरा, उत्कृष्ट प्रशिक्षकको पुरस्कार ह्यूस्टन एजुकेसन, उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब तर्फको पुरस्कार टाईगर गुप्र अफ पोखरा नेपाल तथा उत्कृष्ट खेल पत्रकारको पुरस्कार रामबजार निवासी स्व.सेनानी हेमबहादुर पुनको परिवारले प्रायोजन गर्ने सम्झौता भएको मञ्चका महासचिव पौडेलले जनाए।

# सेलवेयजको नयाँ शाखा पोखराको अमरसिंहमा

**पोखरापत्र संवाददाता**
पोखरा, १४ बैशाख

पोखराबाट सेवा शुरु गरेको सेलवेजले पोखरामा थप अर्को शाखाबाट सेवा विस्तार गरेको छ।

सन् १९९३ मा पोखराको चिप्लेढुङ्गाबाट सामान्य खाद्यपसलबाट शुरु गरेर सेलवेजले अहिले देशका विभिन्न ठाउँबाट सेवा दिदै आएको छ। अहिले पोखरा १० अमरसिंह चोक थप नयाँ शाखा शुक्रबार देखी सञ्चालनमा ल्याउन लागेको सेलवेज तथा सेल्लबेरी गण्डकी प्रदेशका प्रमुख व्यवस्थापक दयाल गिरीले जानकारी दिए। सेलवेजले पोखरा र काठमाडौका विभिन्न ठाउँमाबाट सेवादिदै आएको छ। पोखरामा यो सातौ शाखा हो भने सेलवेयज र सेल्सवेरी काठमाण्डौको समेत गरेर ३१ औ शाखा हो। पोखराको चिप्लेढुङ्गा, लेकसाइड, शान्तिनगर, विरौटा, भद्रकाली र बगरबाट सेवाप्रदानगर्दै आएको छ।

अमरसिंहको शाखा सञ्चालनको अवसरमा १० देखी १५ प्रतिशत सम्म छुटको व्यवस्था गरेको गिरीले बताए। उनले दैनिक जीवनमा आवश्यक पर्ने खाद्य सामग्रीमा विषेश छुटको व्यवस्था गरीएको भनाई छ।

साथै फ्रि होमडेलीभरको पनि व्यवस्था रहेको बताए। पोखराको नयाँ शाखामा करिब ४ करोडको लगानीमा सञ्चालनमा आउन लागेको हो। नयाँ शाखाबाट खाद्य सामग्रीका सम्पुर्ण सामानहरु, किचन र घरमा आवश्य पर्ने सामग्रीहरु, स्थानीय उपभोक्ताहरुका लागि होटल तथा रेष्टुरेष्टका लागि आवश्यक सामग्रीहरु राखीएको उनको भनाई छ। खाद्य सामग्री तथा सौन्दर्यका सामग्री र इलोक्टोनिक सामग्रीहरु रहेका छन्। सेलवेज र सेल्सबेरी काठमाडौको सातदोबाटो, सितापाइला, महाराजगञ्ज, चक्रपथ, झम्सिखेल, बत्तिसपुतली, इमाडोल, कोटेश्वर, लोकनथलि, नयाँबत्ति, पेप्सिकोला, मुपानी, मैजुबहाल, ककन, सुकेधारा, हात्तिगौडा, धापासी, पुरानो बानेश्वर, मध्येबानेश्वर, बनेपा, बालुवाटार, भक्तपुर, भैसेपाटीबाट सेवादिदै आएको छ। सन् २००४ मा काठमाडौं प्रबेश गरेको सेलवेयज सन् २०१४ बाट सेल्सवेरीको नामबाट पनि सञ्चालनमा आएका छन्। यी दुई कम्पनी सिस्टर कम्पनीका रुपमा सञ्चालनमा छन्। केही समयपछि काठमाडौंको महाराजगञ्जबाट अन्तराष्ट्रिय स्तरको सुविधा सम्पन्न मल सञ्चालनमा ल्याउने तयारीमा छ।

# महेन्द्र मावि भलामको वार्षिकोत्सव तथा पुरस्कार वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, १४ बैशाख

पोखरा महानगरपालिका वडा नं. २० भलाम स्थित महेन्द्र मा.वि.को ६३ औं वार्षिकोत्सव अभिभावक दिवस तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ।

हाम्रो प्रतिवद्धता : बालमैत्री वातावरण, प्राविधिक एवं गुणस्तरीय शिक्षा भन्ने मूल नारा साथ अगाडि बढेको उक्त विद्यालयको वार्षिकोत्सव तथा अभिभावक भव्यरुपमा सम्पन्न भएको हो। कार्यक्रममा बोल्दै प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं. २० का वडा अध्यक्ष गंगा बहादुर क्षेत्रीले गुणस्तरीय शिक्षा दिने काममा कुनै पनि कसुर बाँकी नराख्न र हरेक शैक्षिक क्रियाकलापमा वडाको साथ सहयोग रहने बताउनुभयो। उहाँले महेन्द्र मावि पोखरा २० भलामको चिनारी भएको हुँदा वडाले यसलाई अझै गुणस्तरीय शिक्षा दिने कुरामा सधै लागि पर्ने बताउनुभयो।

कार्यक्रममा विद्यालय सेवा क्षेत्रभित्रका अभिभावक, विद्यालय संस्थापक, जग्गादाता, पूर्व अध्यक्ष, सल्लाहकार, विद्यालय व्यवस्थापन समिति/शिक्षक अभिभावक संघ, पूर्व प्रअ, जनप्रतिनिधि, अक्षयकोषदाता, समाजसेवी, पत्रकार, बुद्धिजीवी, पूर्व विद्यार्थी, विद्यालयका शुभचिन्तक तथा विद्यालयका अभिभावकहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा विद्यार्थी भाइबहिनीहरुको विभिन्न नृत्य समेत प्रस्तुत गरिएको थियो भने विद्यालयको प्रतिवेदन विद्यालयका प्रधानाध्यापक बोधराज पौडेलले प्रस्तुत गर्नुभएको थियो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चित्र बहादुर क्षेत्रीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत सहायक प्रअ प्रदीप खत्रीले गर्नुभएको थियो भने संचालन जगत प्रसाद पौडेलले गर्नुभएको थियो।

# कांग्रेसका पुराना नेता मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १४ बैशाख

नेपाली कांग्रेस गण्डकी प्रदेश संसदीय दलका नेता सुरेन्द्रराज पाण्डे गण्डकी प्रदेशको मुख्यमन्त्रीमा नियुक्त हुनुभएको छ।

नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम गण्डकी प्रदेशका ३५ प्रदेशसभा सदस्यको समर्थनसहित मुख्यमन्त्रीका लागि दाबी पेश गर्नुभएका पाण्डेलाई प्रदेश प्रमुख पृथ्वीमान गुरुङले बिहीबार मुख्यमन्त्रीमा नियुक्त गर्नुभएको हो। गण्डकी प्रदेशको चौथो मुख्यमन्त्रीका रुपमा नियुक्त हुनुभएका पाण्डेलाई नेपाली कांग्रेसका २७, नेकपा (माओवादी केन्द्र)का सात र स्वतन्त्र एक प्रदेशसभा सदस्यले समर्थन गर्नुभएको छ। कांग्रेसका केन्द्रीय सदस्यसमेत रहनुभएका पाण्डे नेपालको लोकतान्त्रिक आन्दोलनका सशक्त व्यक्तिका रुपमा परिचित हुनुहन्छ। पिता कृष्णराज र आमा योगेन्द्रकुमारीको कोखबाट २०२१ भदौ ९ गते जन्मिनुभएका पाण्डे विद्यार्थी



कालदेखि नै नेपाली कांग्रेसको भातृसंस्था नेविसंघमा आबद्ध हुनुहुन्थ्यो। विसं २०३७ मा अमरज्योति जनता माध्यमिक विद्यालयबाट एसएलसी उत्तिर्ण गर्नुभएका उहाँले त्रिभुवन विश्वविद्यालयबाट स्नातक तहसम्मको अध्ययन गर्नुभएको छ। राजनीतिक संघर्षका क्रममा विसं २०४५ मा र राजाको प्रत्यक्ष शासन २०६१ साल मा गरी झण्डै आठ महिनाभन्दा बढी समय जेल जीवन बिताउनुभएका उहाँ पटक-पटक लोकतान्त्रिक आन्दोलनमा हिरासतमा पर्नुभएको थियो। विसं २०३६ मा नेपाल विद्यार्थी सङ्घको सदस्यता लिएर विद्यार्थी आन्दोलनमा होमिनुभएका उहाँ २०३९ सालमा नेविसङ्घको अस्कल क्याम्पस एकाइ सचिव हुँदै २०४५ सालमा त्रिचन्द्र क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियनको सभापतिमा निर्वाचित हुनुभएको थियो। विसं २०४९ मा नेविसंघको केन्द्रीय सदस्य बन्नुभएका पाण्डे २०५९ मा नेपाल तरुण दलको केन्द्रीय महासचिव बन्नुभयो। हाल तेस्रो पटक नेपाली कांग्रेसको केन्द्रीय सदस्य रहनुभएका उहाँले २०७४ सालमा राष्ट्रियसभामा सांसद रही पार्टीका तर्फबाट प्रमुख प्रतिपक्ष दलको नेताको जिम्मेवारी बहन गर्नुभएको थियो। गोरखा क्षेत्र नं २ मा संघीय क्षेत्रमा एकल सिफारिस भएका पाण्डे नेपाली कांग्रेस र माओवादी केन्द्रको चुनावी तालमेलसँगै माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' गोरखा आउने भएपछि क्षेत्र नं २ को प्रदेशसभा २ बाट चुनाव लड्दै निर्वाचित बन्नुभएको थियो। मुख्यमन्त्रीमा निर्वाचित भएसँगै उहाँले प्रदेशको समग्र विकासका लागि सबैसँग हातेमालो गर्दै अघि बढ्ने विश्वास व्यक्त गर्नुभएको छ।

## पाँच...

हजार पत्रकारमा गण्डकीमा मात्र ७ सय ८२ पत्रकार रहेको बताए। उनले संगठन सुधारमा आफूहरु अघि बढेको उल्लेख गरे। पत्रकार महासंघ कास्की अध्यक्ष विमला भण्डारीले पत्रकारिता पेसालाई समाजप्रति उत्तरदायी बनाउनु अहिलेको चुनौती हो भनिन्। श्रमजीवीको हकहितका लागि सरकार जवाफदेही बन्नुपर्ने अध्यक्ष भण्डारीको धारणा छ। प्रतिभा छनोट समिति संयोजक पुण्य पौडेलले छनोटको प्रक्रियाबारे बोलेका थिए।

यसअघि प्रेस चौतारी पुरस्कार पुण्यप्रसाद पौडेल, माधव शर्मा, रुद्रबहादुर थापा, नवराज सुवेदी, हरि बास्तोला, बद्रीबिनोद प्रतीक, खेम सारु, दुर्गा भण्डारी, निमदत्त सुवेदी, श्रीराम सिग्देल र शान्ति गुरुङलाई दिइएको थियो। तर विभिन्न परिस्थिति एवं कोरोना भित्रिएसँगै पुरस्कार वितरण रोकिएको थियो। प्रेस चौतारी कास्की अध्यक्ष अर्जुन गिरीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष मोतीसागर अधिकारी र सञ्चालन रञ्जन अधिकारीले गरेका थिए। सो अवसरमा प्रेस चौतारी नेपाल गण्डकीको क्यालेन्डर बिमोचन गरिएको थियो।

# विकट गाउँ बेलचौरमा 'स्वास्थ्य सेवा केन्द्र'

**पोखरापत्र संवाददाता**
वालिङ, १४ बैशाख

स्याङ्जाको विकट मानिने गल्याङ-९ बेलचौरमा आधारभूत स्वास्थ्यसेवा केन्द्र सञ्चालनमा आएको छ।


गाउँमा स्वास्थ्य सेवा केन्द्र सञ्चालनमा आएपछि बेलचौर तथा आसपासका बासिन्दाले सामान्य स्वास्थ्य समस्याको उपचारका लागि टाढा जानुपर्ने बाध्यताको अन्त्य भएको छ। यहाँका बासिन्दामा स्वास्थ्यसम्बन्धी सामान्य समस्या देखिँदासमेत गल्याङ बजार तथा पाल्पाको हुँगी जानुपर्ने बाध्यतामा रहेको स्थानीय नरेन्द्रप्रसाद अर्यालले बताउनुभयो। "वडा नं ९ को साङ्लियामा रहेको स्वास्थ्य चौकीमा जान हामीलाई अपायक थियो", उहाँले भन्नुभयो, "आफ्नै गाउँमा स्वास्थ्य सेवा केन्द्र स्थापना भई सञ्चालनमा आएसँगै निक्कै सहज भएको छ।" स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण गर्न स्थानीय यमनारायण अर्यालले एक रोपनी तीन आना जग्गा निःशुल्क उपलब्ध गराउनुभएको हो।

"स्वास्थ्यसम्बन्धी सामान्य जाँच गर्न, सिटामोल खान टाढा जानुपर्दा गाउँलेलाई सास्ती भएको थियो", जग्गादाता अर्यालले भन्नुभयो, "गाउँमै स्वास्थ्य केन्द्र स्थापना गर्न सके टाढा जानुपर्ने बाध्यता पनि हट्ने र गाउँमै स्वास्थ्योपचार गर्न पाइए सहज हुने ठानेर निःशुल्क जग्गा प्रदान गरेको हुँ।" जग्गा प्राप्त भएसँगै गतवर्ष जेठमा सम्झौता भई भवन निर्माण थालिएको वडा नं ९ का वडाध्यक्ष नामदेव खनालले बताउनुभयो। "यहाँका नागरिक स्वास्थ्यको आधार भूत पहुँचभन्दा बाहिर रहेको महसुस गरी गतवर्ष निर्वाचित भएसँगै पहिलो प्राथमिकतामा राखेर काम थालेका थियौं", उहाँले भन्नुभयो।

भवन निर्माण सुरु भएको आठ महिनामै सम्पन्न भइ वैशाख १० गतेबाट स्वास्थ्य सेवा दिन सुरु गरेको उहाँको भनाइ छ। चार कोठे पक्की भवन रु ३४ लाखको लागतमा निर्माण सम्पन्न भएको हो। भवन निर्माण सकिएकाले अब बाहिरी घेराबारको काम बाँकी रहेकाले त्यसलाई पूरा गर्ने गरी काम अगाडि बढेको वडाध्यक्ष खनालले बताउनुभयो। स्वास्थ्य सेवा केन्द्रमा अहेब र अनमी एक/एकजनाको दरबन्दी छ।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा
धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति भाद्र २ गते शनिबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस्।
हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि।
फिस्टुला :मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि
नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ।
बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३५१५४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६५४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।

- जर्ज बार्वर

## सम्पादकीय

# संविधान विपरीत काम

नेकपा एमालेले माओवादी, राप्रपा, जसपा सहितका दलको समर्थनमा नेतृत्व गरेका तीनवटा प्रदेशका सरकार ढलेका छन।दुई वा दुई भन्दा बढी दलको समर्थनमा बनेका सुदूरपश्चिम, गण्डकी र लुम्बिनी प्रदेश सरकार ढलेर काङ्ग्रेस नेतृत्वमा सरकार बनेका छन । तीनवटै प्रदेश सरकार संविधानको धारा १६८ को उपधारा २ अनुसार बनेका थिए । प्रदेश प्रमुखले नयाँ सरकार बनाउन काङ्ग्रेसलाई अनुकूल धारा प्रयोग गरे।संविधान सत्ता गठबन्धन अनुसार प्रयोग गरेर प्रदेश प्रमुखहरूले विवाद बढाउने काम गरेका छन । राजनीतिक अस्थिरता निम्त्याउन सहयोगी बनेका छन।सुदूरपश्चिम प्रदेशमा एमाले र माओवादी केन्द्रको संयुक्त सरकार २६ माघमा विश्वासको मत प्राप्त गर्न नसक्दा एक महिनामै ढल्यो । मुख्यमन्त्री राजेन्द्र रावलले प्रदेशसभामा विश्वास गुमाएको केही घण्टामै कांग्रेसका संसदीय दलका नेता कमलबहादुर शाहलाई मुख्यमन्त्री नियुक्त गरे ।

संविधानको धारा १६८ को उपधारा २ बमोजिम बनेको सरकारले विश्वासको मत लिन नसकेपछि प्रदेश प्रमुख देवराज जोशीले उपधारा ३ बमोजिम प्रदेशसभाको सबैभन्दा ठूलो दलको हैसियतमा शाहलाई मुख्यमन्त्री नियुक्ति गरेका थिए । तत्कालीन सत्ता गठबन्धनका लागि ७ सांसद् रहेको नागरिक उन्मुक्ति पार्टी निर्णायक थियो । सो पार्टीले रेशम चौधरी रिहा नभएसम्म पक्ष वा विपक्षमा मत नदिने अडान लिएपछि रावलको सरकार अल्पमतमा पऱ्यो । संविधानको धारा १६८ को उपधारा २ बमोजिम बनेको रावल सरकार एक महिनामै ढलेपछि सोही दिन प्रदेश प्रमुख जोशीले कांग्रेसका संसदीय दलका नेता शाहलाई उपधारा ३ अनुसार मुख्यमन्त्री नियुक्ति गरेका थिए । सुदूरपश्चिम प्रदेश सरकार गठनको यो नजिर लुम्बिनी र गण्डकी प्रदेशमा लागू भएन।गण्डकीमा काङ्ग्रेस ठूलो दल भएको हुँदा धारा १६८ को उपधारा ३ अनुसार हुने अपेक्षा काङ्ग्रेसका प्रदेश सांसदको थियो ।

गण्डकीमा सरकार ढलेको तीन दिनसम्म प्रदेश प्रमुख पृथ्वीमान गुरुङले नयाँ सरकारका लागि आह्वान गरेनन् । उनी सत्ता गठबन्धनको सिग्नल पर्खेर बसे । प्रदेशसभाको सबैभन्दा ठूलो दल कांग्रेस र गठबन्धनको अर्को दल माओवादी केन्द्रबीच सत्ता भागबण्डा मिलेपछि मात्र प्रदेश प्रमुख गुरुङले तीन दिनपछि उपधारा २ बमोजिम सरकार गठनका लागि आह्वान गरे । एमालेले माओवादी केन्द्रको समर्थनमा २५ पुसमा बनेको खगराज अधिकारीको नेतृत्वमा प्रदेश सरकार बनाएको थियो । संघीय सरकारमा गठबन्धन फेरिएपछि माओवादी केन्द्रले समर्थन फिर्ता लियो । ९ वैशाखमा विश्वासको मत लिँदा ६० सदस्यीय प्रदेशसभामा २४ मत मात्र पाएपछि उनको सरकार ढलेको हो । अधिकारी सरकार ढलेको पाँच दिनपछि १४ वैशाखमा सत्ता गठबन्धनको समर्थन लिएर कांग्रेस संसदीय दलका नेता सुरेन्द्र पाण्डेले मुख्यमन्त्रीका लागि दाबी गरे र नियुक्त भए । लुम्बिनीमा पनि गण्डकीमा झैं गरियो । ११ वैशाखमा लुम्बिनीका मुख्यमन्त्री लीला गिरीले विश्वासको मत पाउन सकेनन् । लगत्तै उपधारा ३ बमोजिम प्रदेशसभाको ठूलो दलको हैसियतमा मुख्यमन्त्री नियुक्तिका लागि प्रदेश प्रमुख अमिक शेरचनको ध्यानकर्षण गराएका थिए ।

तर, प्रदेश प्रमुख शेरचनले उपधारा २ बमोजिम दुई वा दुईभन्दा बढी दललाई सरकार गठनका लागि आह्वा गरे । विहीबार कांग्रेस संसदीय दलका नेता डिल्लीबहादुर चौधरीले दाबी पेस गरेर मुख्य नियुक्त भए । संविधानको धारा १६८ को उपधारा २ को सरकार ढलेपछि स्वभाविक रुपमा उपधारा ३ बमोजिम सरकार गठन हुनुपर्ने हो । 'तर, २ बमोजिमको सरकाले विश्वासको मत नपाएपछि ३ बाटै नयाँ सरकार बनाउनुपर्ने'संविधानको स्पिरिट पनि यही हो । २ को सरकार ढल्दा पुनः २ अनुसारै आह्वा गर्न संविधानतः मिल्दैन ।' भन्ने संविधानविदका मत छन । संयुक्त सरकार ढलेपछि प्रदेशसभाको सबैभन्दा ठूलो दलको नेतृत्वमा सरकार बनाउनुपर्नेमा लुम्बिनी र गण्डकीका प्रदेश प्रमुखले संविधान मिचेको देखिन्छ । 'संविधानको धारा १६८ प्रदेश प्रमुखको कुनै तजबिजी अधिकार होइन'।संविधानको गलत व्याख्या गर्न खोजियो ।

सर्वोच्चले प्रष्ट व्याख्या गरिसकेको विषयमा प्रदेश प्रमुखहरूले आफूखुशी गर्न खोज्नु यो गलत अभ्यास हो ।' एउटा प्रदेश प्रमुखले एउटा उपधारा प्रयोग गर्ने र अर्कोले अर्कै उपधाराबाट सरकार बनाउन आह्वा गर्ने प्रदेश संरचनाको अभ्यासलाई गलत दिशातर्फ डोऱ्याउने काम भएको छ। 'यो एकदमै सुविचारित रुपमा गरिएको व्यवस्था हो । संविधान बनाउँदै उपधारा २ असफल भएपछि त्यसैबाट आह्वान गर्दा हर्स ट्रेडिङ नहोस् भनेर संसद्को ठूलो दललाई सरकार बनाउने मौका दिनेगरी बनाएको प्रबन्ध हो । यसले प्रणालीलाई कमजोर बनाउने र अस्थिरता निम्त्याउने काम मात्र गर्दछ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : मन चञ्चल |
| कन्या | : शारीरिक झमेला | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# भानुभक्त क्याम्पसलाई 'क्युएए' प्राप्त

**पोखरापत्र संवाददाता**
दमौली, १४ बैशाख

तनहुँको व्यास नगरपालिका-१ भादगाउँस्थित आदिकवि भानुभक्त क्याम्पसले दोस्रो पटक गुणस्तर सुनिश्चितता प्रत्यायन (क्युएए) प्राप्त गरेको छ ।

त्रिभुवन विश्वविद्यालय अनुदान आयोगले क्याम्पसलाई क्युएए प्रदान गर्ने निर्णय गरेको हो । आयोगको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्युएए) प्रक्रियामा सहभागी भई सबै चरण पार गरेपश्चात् क्याम्पसले क्युएए प्राप्त गरेको क्याम्पस प्रमुख महाप्रसाद हड्खलेले बताउनुभयो । क्याम्पसले यसअघि छ वर्ष अगाडि पनि क्युएए प्राप्त गरेको थियो । "क्याम्पसलाई क्युएए प्रदान गर्ने आयोगको निर्णयले हामीलाई खुसी तुल्याएको छ", उहाँले भन्नुभयो ।

क्याम्पसमा अध्ययन गर्न विद्यार्थीको आकर्षण बढेसँगै यो क्याम्पस जिल्लाकै शैक्षिक हबको रुपमा विकास हुँदै गइरहेको छ । व्यास नगरपालिका, ऋषिङ, म्याग्दे , बन्दीपुर गाउँपालिकाका अतिरिक्त छिमेकी जिल्लाबाट पनि यहाँ पठनपाठनका लागि आउने गरेका छन् । विसं २०४३ मा समुदायको सक्रियतामा क्याम्पस स्थापना भएको थियो । तत्कालीन बेला यस ठाउँमा निर्मल माध्यमिक विद्यालय मात्रै थियो । आफ्नै ठाउँमा क्याम्पस नहुँदा अन्यत्र गएर उच्च शिक्षा अध्ययन गर्नुपर्ने बाध्यता भएपछि स्थानीयवासीले क्याम्पस स्थापना गरेका थिए । क्याम्पस सञ्चालनको सुरुआतमा भवन नहुँदा लायन्स क्लवको ५० हजार अमेरिकी डलरको सहयोगमा भवन निर्माण गरिएको थियो । क्याम्पसमा व्यवस्थापन विषयमा कक्षा ११/१२, स्नातक तहमा बिबिएस र बिबिए र स्नातकोत्तर तहमा एमबिएस पढाई हुँदै आइरहेको छ । हाल क्याम्पसमा करिब तीन हजार एक सय विद्यार्थी अध्ययनरत छन् ।

त्यसमध्ये ९० प्रतिशत विद्यार्थी ग्रामीण भेगका छन् भने १८ प्रतिशत विद्यार्थी दलित र ७० प्रतिशत विद्यार्थी विपन्न वर्गका छन् । क्याम्पसमा अध्ययनरत ८० प्रतिशत विद्यार्थी छात्रा रहेको क्याम्पसले जनाएको छ । कक्षा ११ देखि स्नातकोत्तरसम्मको अध्ययनमा दलित, छात्रा र विपन्नलाई सहुलियत दिँदै आइएको छ । त्यस्तै सहिद परिवार र अपाङ्गता भएकालाई ७५ प्रतिशत छुटको व्यवस्था गरिएको छ । ३० छात्रालाई छात्रावासमै बसेर अध्ययन गर्ने व्यवस्था मिलाइएको छ । क्याम्पसले नर्सिङ, इन्जिनियरिङको पठनपाठन सुरु गर्ने लक्ष्य लिएको छ । त्यसका लागि भवन र थप जनशक्ति आवश्यक पर्ने क्याम्पस प्रमुख हड्खलेले बताउनुभयो । क्याम्पसको शैक्षिक विकासका लागि बीस वर्षे गुरुयोजना बनाइएको छ । क्याम्पसलाई मानक विश्वविद्यालयमा रुपान्तरण गर्ने लक्ष्य राखिएको छ ।

क्याम्पसमा हाल ६४ प्राध्यापक र १६ कर्मचारी कार्यरत छन् । विद्यार्थीको शुल्क क्याम्पसको मुख्य आम्दानी रहेको र क्याम्पस आर्थिकरुपमा आत्मनिर्भर बन्न सफल भएको क्याम्पस प्रमुख हड्खलेले बताउनुभयो । क्याम्पसको कूल आम्दानीको ९० प्रतिशत तलबभत्तामा खर्च हुने गरेको छ । क्याम्पसले आर्थिक वर्ष ०७८/७९ मा रु सात करोड ९१ लाख १७ हजार आम्दानी गरेको थियो । क्याम्पसले भर्नाको क्रममा दलित विद्यार्थीलाई विशेष प्राथमिकता दिने गरेको छ । क्याम्पसले गरिब तथा विपन्न वर्गका विद्यार्थीलाई छात्रवृत्तिसमेत प्रदान गर्दै आएको छ । क्याम्पस प्रमुख हड्खलेले भन्नुभयो, "सरकारी क्षेत्रबाट क्याम्पसको लागि ठूलो सहयोग छैन । समुदायकै व्यक्तिको प्रयासले क्याम्पस आज यो अवस्थासम्म आइपुगेको छ ।"

# कालीगण्डकी करिडोरको कामले जगाएको आशा

**पोखरापत्र संवाददाता**
बलेवा, १४ बैशाख

कालीगण्डकी करिडोरको मालढुङ्गा-रुद्रवेणी खण्डमा भइरहेको कालोपत्रको कामले प्रभावित क्षेत्रका सर्वसाधारणमा आशा जगाएको छ । बागलुङ र छिमेकी जिल्ला गुल्मीका अधिकांश स्थानीय तहको मुख्य सडकको रुपमा रहेको करिडोरको काम धमाधम हुँदा सर्वसाधारणमा आशा जागेको हो ।

कोरिडोर गैँडाकोट-राम्दी-मालढुङ्गा सडक आयोजना पाल्पाले मालढुङ्गादेखि रुद्रवेणीसम्म तीन खण्डमा कालोपत्रको काम गरिरहेको छ । गुल्मीको रुद्रवेणीदेखि हर्मिचौर सम्मको १४ किलोमिटर खण्डमा कालोपत्रको काम अन्तिम चरणमा छ । आगामी वर्ष यो खण्डको कालोपत्र सकिने आयोजना कार्यालय पाल्पाका प्रमुख शङ्कर पौडेलले बताउनुभयो । बागलुङको मालढुगादेखि बलेवा विमानस्थलसम्मको १० किमी सडक कालोपत्रका लागि संरचना बनाउने काम भइरहेको छ । निर्माण व्यवसायी खड्का कृष्ण जेभीले सम्झौता भएको छ महिनाको अवधिमा २५ प्रतिशत काम सकेको पौडेलले बताउनुभयो । दुई वर्षको समयावधी पाएको कम्पनीले निर्धारित समयमा काम सक्नेगरी संरचना निर्माणको काम गरिरको छ । बलेवा विमानस्थलदेखि हर्मिचौरसम्म सबैभन्दा लामो दुरीको खण्ड छ । ४४ किमी खण्डमा एकै पटक काम सुरु भएको हो । यहाँ १२ प्रतिशत भौतिक प्रगति छ । यो खण्डको कामले समेत समयमा नै तीव्रता पाएको पौडेल बताउनुहुन्छ । करिडोरले सदरमुकाम बागलुङ बजारदेखि बलेवा क्षेत्र र जैमिनी नगरलाई प्रभाव पार्छ । यो सडक कालोपत्र हुँदा जिल्लाको दक्षिण क्षेत्रलाई बुटवल भैरहवाहुँदै भारतीय नाका पुग्न सहज हुने स्थानीयवासी बताउँछन् । बागलुङ र गुल्मीको केही क्षेत्र मात्रै समेट्ने ५४ किलोमिटर खण्ड कालोपत्र गर्न झण्डै रु पाँच अर्ब खर्च हुँदै छ । दश किलोमिटर खण्ड खड्का कृष्ण जेभीले दुईवर्ष र ४४ किलोमिटर खण्ड कालिका कन्स्ट्रक्सनले तीन वर्षभित्रमा कालोपत्र सक्ने सम्झौता छ । "करिडोरमा भइरहेको कामले छिट्टै कालोपत्र सडकको यात्रा गर्न पाउँछौँ" जैमिनी-८ छिस्तीका राजेन्द्र शर्मा भन्नुहुन्छ, "बागलुङ-गुल्मीसँग जोडिएको छिस्ती पुग्न सडकले सहज बनाउँछ ।"कालीगण्डकी करिडोरको निर्माण भएसँगै सुदूरपूर्वका गुल्मेली जनताहरुले यसैमा समृद्धिका आशा र सपना देखिरहेका छन् । करिडोरले रुरुक्षेत्र, सत्यवती, कालीगण्डकी गाउँपालिकालाई समेट्दै बागलुङ जोडेको छ । कालीगण्डकी नदिका तटमा रहेका धार्मिक तथा पर्यटकीयस्थललाई जोडेर चीन र भारत जोड्ने भएकाले सर्वसाधारण उत्साहित भएका हुन् । करिडोरको बागलुङ मालढुङ्गादेखि बुटवलसम्मको सबै खण्डमा काम चलिरहेकाले अबको दुई वर्षमा कालोपत्र सडकमा यात्रा गर्न सकिने आयोजना कार्यालयले जनाएको छ । कूल चार सय ३५ किलोमिटर लम्बाइ रहेको यो आयोजनाको मालढुङ्गा-बेनी-जोमसोम सडकखण्डअन्तर्गत एक सय १० किलोमिटर सडकपर्छ भने बाँकी सडक गैँडाकोट-राम्दी-मालढुङ्गा खण्डमा पर्छ ।

# पाँचभाइको सुन्तला खेती

**पोखरापत्र संवाददाता**
गलकोट, १४ बैशाख

बागलुङ नगरपालिका-९ तित्याङको अदुवाबारीस्थित एउटै पाटो खेतमा झण्डै पाँच सय सुन्तलाका बिरुवा हुर्किरहेका छन् । राम्रो धान फल्ने खेत तीन वर्षयता सुन्तला बगैँचामा परिणत भएको हो ।

कम लगानीमा धेरै आम्दानी दिने सुन्तला खेतीका लागि भकुण्डेका पाँचभाइले खेत मासेर सुन्तला रोपेका हुन् । बागलुङ नगरपालिका-१० भकुण्डे घर भएका ती दाजुभाइले १८ रोपनी जग्गामा लगाएका पाँच सय सुन्तलाका बिरुवाले आगामी वर्षदेखि उत्पादन दिन थाल्नेछन् । पैँतिस वर्षसम्म शिक्षण गर्नुभएका ६२ वर्षीय रेशमलाल शर्माले आफ्नो छ रोपनी जग्गामा दुई सय सुन्तलाका बिरुवा लगाउनुभएको छ भने अन्य चार भाइले १२ रोपनी जग्गामा करिब तीन सय सुन्तलाका बिरुवा लगाउनुभएको छ ।

भकुण्डेमा घर र खेत तित्याङमा भएकाले धान उत्पादनको लागत बढेको र मकै तथा गहुँ नछर्दा छ महिना बाँझो छोड्नुपर्ने अवस्थामा रहेको खेत अहिले सुन्तलाका बिरुवाले हरियाली बनेको रेशमलाल शर्माले जानकारी दिनुभयो ।

"हामी पाँच भाइको एउटै पाटो खेत थियो, अहिले उक्त खेत सुन्तला बगैचामा परिणत भएको छ, आगामी वर्षदेखि उत्पादन देला, पाँच भाइको सल्लाहमै उक्त खेतलाई एउटै बगैँचाका रूपमा विस्तार गर्न सुन्तला लगाएका हौँ", उहाँले भन्नुभयो, "धान खेतीभन्दा सुन्तलाबाट दोब्बर आम्दानी गर्न सकिने हाम्रो अठोट छ ।" रेशमलालसहित, ताराप्रसाद शर्मा, लक्ष्मण शर्मा, केशव शर्मा र दामोदर शर्माले धान खेतीभन्दा सुन्तला खेतीबाटै राम्रो आम्दानी गर्न सकिने भन्दै १८ रोपनी जग्गामा तीन वर्षअघि सुन्तला खेती थाल्नुभएको हो । उक्त सुन्तला बगैँचा जिल्लाकै ठूलो बगैँचाका बनाउने गरी एकीकृत ढङ्गले सुन्तला खेती थालिएको हो । रेशमलाल भने अझै एक सय बिरुवा थप्ने लक्ष्यमा हुनुहुन्छ । धान, मकै र गहुँ गरी तीनबाली हुने खेतमा भकुण्डेबाट आएर तीन खेती गर्न सम्भावना नभएको र धान खेती मात्रै गर्दा २५ देखि ३० मुरी धानले खनजोत र खेतालाको रकमसमेत नउठ्ने भएकाले सुन्ताला खेतीमा लागेको अर्का भाइ केशव शर्माले बताउनुभयो ।

**Madi Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Thumakodada, Kaski**
**Gandaki Province, Nepal**

**Invitation for Seal Quotation**

**Second date of Publication:2080/01/15 (28th April 2023)**

1. Madi Rural Municipality,Office of the Rurual Municipal Executive, Thumakodada, Kaski invites the E-Bidding bids from Nepalese eligible bidders for Seal Quotation contracts under E-procurment system for the construction of projects mentioned below;

| SN | Contract No. (IFB No.) | Description of Work | Estimated Amount NRS (without VAT & contingence) | Bid Security Amount (NRS). | Bid Security Validity Period | Cost of Bidding Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | 21/MRM/G/SQ/2079/080 | The Procurement of Bee Hives with Bee for Madi Rural Municipality | 1690500.00 | 43000 | 75 days | 1000 |

**2. Purchase, Submission and Opening:**

| Contract No. | Bid Document Purchase | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|
| 21/MRM/G/SQ/2079/080 | Date | Time | Date | Time | Date | Time |
| | 2080/01/29 | 17:00 | 2080/01/30 | 12:00 | 2080/01/30 | 13:00 |
| Bank Name | Name of Office | | Revenue Account No | | Deposit Account No. | |
| Machhapuchhre Bank ltd, Thumakodada Kaski. | Madi Rural Municipality, Office of the Municipal Executive, Thumakodada, Kaski | | 0790051472900083 | | 0790051472900011 | |

3. Bidders should Purchase the bidding documents and submit their bids through E-procurment section of Madi Rural Municipality, as specified in the bidding data sheet for provision of E-Bidding.
4. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

# बज्न छाडे गाउँघरमा पञ्चेबाजा

-डम्मर बुढामगर
बागलुङ, १४ बैशाख

गलकोट नगरपालिका-२ का इन्द्रबहादुर दर्जी अहिले ५५ वर्ष हुनुभयो । उहाँले पञ्चेबाजा बजाउन थालेको ४५ वर्ष पुगी सक्यो। दश वर्षकै उमेरदेखि बाजा बजाउन थाल्नुभएका उहाँ अहिले पनि मेला महोत्सव, विवाह तथा व्रतबन्धमा पुग्नुहुन्छ। पञ्चेबाजाका रुपमा परिचित गलकोट क्षेत्रमा पछिल्लो समय बाजा बजाउने प्रचलन हराउन थालेकोप्रति दर्जी चिन्तित हुनुहुन्छ । केही वर्षयता आयातित विद्युतीय 'साउण्ड सिस्टम'ले पञ्चबाजा ओझेलमा पर्न थालेका छन् । अचेल गाउँ बस्तीमा बाजाको आवाज निकै कम सुनिन्छन् ।

पञ्चेबाजाप्रति युवाले चासो नदिँदा लोप हुने खतरा बढेको हो । विशेष गरी दलित समुदायले बजाउँदै आएको पञ्चेबाजा अहिले अन्य समुदायका कलाकारले पनि बजाउन थालेका छन् । बाजा बजाउने दलित समुदायको पुख्यौली पेसा भए पनि अहिले नयाँ पुस्ताले चासो दिएको पाइँदैन । पञ्चेबाजा लोप हुने अवस्थामा पुगेपछि गलकोट नगरपालिकाले यसको संरक्षणमा ध्यान दिएको छ । बाजा बजाउने दलित समुदायकालाई प्रोत्साहनस्वरुप बाजालगायतका आवश्यक सामग्री सहयोग गर्दै आएको छ । नगरपालिकाले आवश्यक सामग्री प्रदान गरे पनि पञ्चेबाजाको लोकप्रियतामा कमी हुँदै गएको छ । इन्द्रबहादुरले गाउँमा युवा नहुँदा बाजा बजाउने समुह नै नपुग्ने गुनासो गर्नुहुन्छ । पहिले गाउँमा बाजा बजाउने धेरै समूह हुने गरेको र माग पनि धेरै आउने गरेको जनाउँदै अहिले माग पनि घटेको र बजाउने कलाकारको समेत अभाव हुँदै गएको उहाँले बताउनुभयो। धेरैजसो युवा विदेश गएको र गाउँमा भएकाले बाजा बजाउन लाज मान्ने गरेको दर्जीको भनाइ छ। अहिलेसम्म बूढापाकाकै भरमा पञ्चेबाजा संरक्षित भएको जनाउँदै आफूहरूको हात पाखुरा बसे भने यो संस्कृतिनै हराउन सक्ने उहाँको चिन्ता छ।

दर्जी भन्नुहुन्छ, "बाजा बजाउने प्रचलन त हाम्रो जिजु बाजेदेखि चल्दै आएको रीति हो, हामीहरूले बाजा बाजाउन सिकेको होइन, हाम्लाइ त बाजाको ताल मिलाएर बजाउने ज्ञान 'अटोमेटिक' आउँछ, मैले नै बजाउन थालेको दशकौँ भयो, अहिले पनि बजाउँदै आएको छु, अहिले पहिलाको जस्तो माग आउँदैन, पहिले त धेरै ठाउँबाट बाजा बजाउनका लागि बोलाउँथे, अहिले त बजाउने मान्छेनै छैनन्, गाउँमा भएका तन्नेरी सबै लाहुर (विदेश) गए, हामी बुढा भयौँ, टाढा जान सक्दैनौँ, नजिक नजिक मात्रै बजाउँछौँ, बाजाको ताल सुन्नै गाह्रो हुन थाल्यो।"

स्थानीय लालबहादुर परियारले पनि बाजा बजाउन थालेको ४० वर्ष भयो । ४९ वर्षीय परियार अहिले पनि धेरै ठाउँमा बाजा बजाउन पुग्नुहुन्छ । दिनप्रति दिन बाजा बजाउने समूहका सदस्य घट्दै गएको भन्दै परियारले दुई/चार वर्ष पञ्चेबाजा बजाउने प्रचलननै हराउन सक्ने बताउनुहुन्छ। उहाँले पञ्चेबाजा बजाएर घर परिवार चलाएको सुनाउँदै आम्दानी पनि राम्रो हुने गरेको बताउनुभयो। एक दिनमै एउटा समूहले रु ३५/४० हजार कमाइ गर्न सकिने उहाँको भनाइ छ। पछिल्लो समय मेला महोत्सव र विवाहमा रेकर्डिङ गीत बजाउने गरेको भन्दै पञ्चेबाजा ओझेलमा पर्न थालेको उहाँले बताउनुभयो । पहिले विवाहको महिनामा कुनै दिन खाली नहुने गरेको स्मरण गर्दै अहिले हप्तामा एक पटक पनि काम नपाएको परियारको गुनासो छ । उहाँले पञ्चेबाजासँगै मौलिक संस्कृति र परम्परा पनि लोप हुँदै जान थालेको बताउनुहुन्छ।

"पहिले बाजा नबजाएसम्म विवाह हुँदैनथ्यो, मेला महोत्सव र पर्व रमाइलो हुँदैनथे, अहिले त बाजाको खास्सै वास्ता छैन, गीत सङ्गीतले गर्दा होकी, जमाना फेरिएर हो बाजाको महत्व घटेको छ", उहाँले भन्नुभयो, "बाजा बजाएरै छोराछोरी हुर्काइयो, पढाइयो, अहिले कमाइ अरु केही छैन, हातमुख जोड्न पनि गाह्रो हुन्छ, कसैले बाजा बजाउन बोलाइहाले पनि समूह जम्मा गर्नै गाह्रो हुन्छ।"

गलकोट नगरपालिका-२ का अध्यक्ष हिमबहादुर भण्डारीले पञ्चेबाजा गलकोटको पहिचान भएको जनाउँदै यसको संरक्षणका लागि पञ्चेबाजा समूहलाई रु तीन लाख बराबरको बाजा, कर्नाल र पोसाक उपलब्ध गराएको बताउनुभयो । पछिल्लो समय पञ्चेबाजा हराउँदै जान थालेपछि यसतर्फ बाजा बजाउने समूह तथा समुदायलाई आकर्षण गर्नका लागि वडा कार्यालय समय-समयमा सहयोग गर्दै आएको बताउनुभयो। अहिले यस क्षेत्रमा बाजा बजाउनेको सङ्ख्या पनि निकै कम भएको जनाइएको छ।

अध्यक्ष भण्डारी भन्नुहुन्छ, "पञ्चेबाजासँग हाम्रो पहिचान जोडिएको छ, कला संस्कृति मासिनु भनेको मानव जातिको अस्तित्व सङ्कटमा पर्नु हो, त्यसले गर्दा यस्ता एतिहासिक महत्व बोकेका मौलिक संस्कृतिको संरक्षणमा हामीहरूले जोड दिएका छौँ, यहाँका पञ्चेबाजासँगै अरु मौलिक कला, संस्कृति प्रवर्द्धन गर्न हामीहरू लागि रहेका छौँ।"

# स्वास्थ्य बिमा गराउनेमा महिला बढी

पोखरापत्र संवाददाता
गोरखा, १४ बैशाख

गोरखा जिल्लामा ८८ हजारभन्दा बढी नागरिकले स्वास्थ्य बिमामा आवद्ध भएका छन् । विसं २०७४ असारबाट जिल्लामा स्वास्थ्य बिमा कार्यक्रम सुरुआत भएको थियो।

स्वास्थ्य बिमा बोर्ड कार्यालय गोरखाका प्रमुख विशाल लौडारीका अनुसार एघार स्थानीय तह रहेको जिल्लाभित्र स्वास्थ्य बिमा गराउनेको सङ्ख्या गोरखा नगरपालिकामा सबैभन्दा धेरै रहेका छन् । "एघार स्थानीय तहमध्ये गोरखा नगरपालिकाभित्र सबैभन्दा धेरैले स्वास्थ्य बिमा गराएका छन्", उहाँले भन्नुभयो, "नगरपालिकामा अहिलेसम्म २१ हजार सात सय १८ जनाले स्वास्थ्य बिमा गराइसकेका छन् ।" उहाँले जिल्लाको चुमनुब्री गाउँपालिकामा स्वास्थ्य बिमा गराउनेको सङ्ख्या सबैभन्दा न्यून रहेको जानकारी दिनुभयो। "चुमनुब्री गाउँपालिकामा अहिलेसम्म सात सय ७४ जनामा मात्र स्वास्थ्य बिमाको पहुँचमा रहेको छ। प्रमुख लौडारीलेभन्नुभयो।"उहाँकाअनुसार पालुङटार नगरपालिकाभित्रका १६ हजार एक सय ५१ जनाले स्वास्थ्य बिमा गराएका छन् भने सिरानचोक गाउँपालिकाका नौ हजार नौ सय ४२ जनाले अहिलेसम्म स्वास्थ्य बिमा गराएका छन् । प्रमुख लौडारीले स्वास्थ्य बिमा गराउनेमा आरुघाट गाउँपालिकाका आठ हजार तीन सय ३४ , भीमसेन थापा गाउँपालिकाका सात हजार आठ सय ४८ , अजिरकोट गाउँपालिकाका दुई हजार चार सय १३ , बारपाक सुलिकोट गाउँपालिकाभित्रका छ हजार, गण्डकी गाउँपालिकाका पाँच हजार तीन सय १० र धार्चे गाउँपालिका एक हजार आठ सय ९३ रहेको जानकारी दिनुभयो।

उहाँले गोरखामा स्वास्थ्य बिमा गराउनेमध्ये पुरुषको तुलनामा महिलाको सङ्ख्या बढी रहेको बताउनुभयो । "स्वास्थ्य बिमा गराएकामध्ये ४२ हजार एक सय १४ जना पुरुष रहेका छन्", उहाँले भन्नुभयो, "स्वास्थ्य बिमा गराउने महिलाको सङ्ख्या भने गोरखामा ४६ हजार छ सय दुई जना रहेको छ ।" स्वास्थ्य बिमा गराएकामध्ये एक हजार नौ सय ३३ जना अतिगरिब घरपरिवार पहिचान भएका व्यक्तिको निःशुल्क बिमा गरिएको उहाँले जानकारी दिनुभयो । त्यस्तै १५ हजार नौ सय चार जना ज्येष्ठ नागरिक, पाँच सय ९८ जना 'क' वर्गका अपाङ्गता भएका व्यक्ति तथा तीन सय ४३ जना एचआइभी सङ्क्रमित व्यक्तिको पनि निःशुल्क बिमा गरिएको उहाँले बताउनुभयो । पाँच परिवार भएका परिवारले एक वर्षको रु तीन हजार पाँच सय तिरेपछि एक वर्षसम्म तोकिएको अस्पतालबाट प्रतिव्यक्ति रु एक लाख बराबरको उपचार सेवा प्राप्त गर्ने प्रमुख लौडारीले जानकारी दिनुभयो।

पाँच जनाभन्दा बढी सदस्य रहेका परिवारले थप एक व्यक्तिको रु सात सय थप गरेर बिमा गर्नसक्ने व्यवस्था रहेको उहाँले जानकारी दिनुभयो । गोरखा जिल्लामा बिमा गराएका व्यक्तिले गोरखा अस्पताल, आँपपीपल अस्पताल, मकैसिंह प्राथमिक स्वास्थ्य केन्द्र, जौवारी प्राथमिक स्वास्थ्य केन्द्र र आरुघाट प्राथमिक स्वास्थ्य केन्द्रबाट उपचार सेवा लिनसक्ने गरी स्वास्थ्य संस्था सूचीकृत रहेको प्रमुख लौडारीले बताउनुभयो।

# अब स्थानीय तहबाटै श्रम स्वीकृति

पोखरापत्र संवाददाता
म्याग्दी, १४ बैशाख

म्याग्दीका स्थानीय तहबाट श्रम स्वीकृति र पुनःस्वकृतिसम्बन्धी सेवा सुरु भएको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको परिपत्रअनुसार जिल्लाका स्थानीय तहबाटै यो व्यवस्था सुरु भएको हो । जिल्लाका स्थानीय तहमा रहेका रोजगार केन्द्रबाट उक्त सेवा थालिएको छ।

अन्नपूर्ण, धौलागिरि गाउँपालिका र बेनी नगरपालिकाले रोजगार शाखाबाट श्रम स्वीकृति लिने र पुनःस्वीकृतिका लागि अनलाइन आवेदन गर्ने काम सुरु गरिएको जनाएका छन्। मालिका, मङ्गला र रघुगङ्गा गाउँपालिकाले पनि तयारी गरेका छन् । धौलागिरि गाउँपालिकाका रोजगार संयोजक देवेन्द्र पुनका अनुसार मन्त्रालयको परिपत्रअनुसारै उक्त काम सुरु गरिएको हो। वैदेशिक रोजगारमा जाने युवायुवतीले यसअघि पोखरा वा काठमाडौँ गएर यस्तो स्वीकृति लिनुपर्ने बाध्यता रहेकामा अब गाउँघरमै रहेका स्थानीय सरकारमार्फत उक्त सेवा पाउने गुरुङले बताउनुभयो । "यसअघि अन्यत्रै गएर यससम्बन्धी स्वीकृति लिनुपर्दा सेवाग्राहीलाई झन्झट हुन्थ्यो", उहाँले भन्नुभयो, "लागत पनि बढी पर्दथ्यो तर अब स्थानीय सरकारबाटै सेवा सुरु भएपछि सहज हुन्छ ।" श्रम स्वीकृतिका लागि सम्बन्धित व्यक्तिले पासपोर्ट र भिसासम्बन्धी कागजात लिएर आउनुपर्ने हुन्छ । सम्बन्धित व्यक्तिले ल्याएको कागजातका आधारमा रोजगार केन्द्रले सोसम्बन्धी स्वीकृतिका लागि आवश्यक सहजीकरण गरिदिने धौलागिरि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ध्रुव रिजालले बताउनुभयो । सम्बन्धित व्यक्तिले सो स्वीकृति लिनुपूर्व सामाजिक सुरक्षा कोष, कल्याणकारी कोष र बिमाका लागि तिर्नुपर्ने हुन्छ।

मोबाइल बैंकिङमार्फत रकम तिर्न सकिन्छ । कल्याणकारी कोषका लागि रु एक हजार पाँच सय, सामाजिक सुरक्षा कोषका लागि न्यूनतम रु दुई हजार र बिमाका लागि उमेरअनुसारको शुल्क तिर्नुपर्ने हुन्छ। उक्त सबै काम भए पछि अनलाइनमार्फत श्रम स्वीकृति प्राप्त हुने गर्छ । जिल्लाका सर्वसाधारण श्रम स्वीकृतिका लागि पोखरा र काठमाडौँ जाने गर्दथे । तेस्रो व्यक्तिको सहयोग लिनुपर्दा पैसा र समय बढी खर्च हुने गरेको थियो । स्थानीय तहबाटै सेवा लिन पाउँदा सहज हुने र सहयोगीबाट ठगिने समस्या हट्ने अपेक्षा गरिएको छ । वैदेशिक रोजगारीलाई थप व्यवस्थित, सुरक्षित, भरपर्दो र पारदर्शी बनाउने साथै सेवाग्राहीलाई स्थानीय तहबाटै सेवा दिने मन्त्रालयको अनुमतिपश्चात् वैदेशिक रोजगारमा संलग्न हुने व्यक्तिले व्यक्तिगत र पुनः श्रम स्वीकृतिका लागि रोजगार केन्द्रमा सम्पर्क गर्न सकिने अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले बताउनुभयो।

मन्त्रिपरिषद्को २०७९ चैत १६ गते गरेको निर्णयबमोजिम स्थानीय तहबाट श्रम स्वीकृति दिने व्यवस्था सुरु भएको हो । वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ मा भएको व्यवस्थाअनुसार वैदेशिक रोजगारीमा जाने हरेक नागरिकले अनिवार्य श्रम स्वीकृति लिनुपर्ने व्यवस्था छ।

## गैह्र बैकिङ्ग सम्पत्ति बिक्री सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८०/०१/१५**

यस सहकारी संस्थाको नाममा रहेको तपशिलमा उल्लेखित गैह्र बैकिङ्ग सम्पत्ति हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति वा संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस सहकारी संस्थाको कार्यालय, अन्नपूर्ण गाउँपालिका-५, नयाँपूल, कास्कीमा आई पुग्ने गरी शीलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

**तपशिलः**

**जग्गाको विवरण**

| जग्गाधनीको नाम | जग्गाको ठेगाना | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|
| मोदी बचत तथा ऋण सहकारी संस्था लि. | अन्नपूर्ण गा.पा. वडा नं. १०, कास्की (साबिकः घान्द्रुक गा.वि.स., वडा नं. १) | २६७ | ७-५-१-३ |
| मोदी बचत तथा ऋण सहकारी संस्था लि. | अन्नपूर्ण गा.पा. वडा नं. १०, कास्की (साबिकः घान्द्रुक गा.वि.स., वडा नं. १) | ७३४ | १-४-३-३ |

**शर्त तथा बन्देजहरु :**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस सहकारी संस्थाको कार्यालय, अन्नपूर्ण गाउँपालिका-०५, नयाँपूल, कास्कीमा कार्यालय समय भित्र बुझाउनु पर्नेछ। सो दिन विदा परे सोको भोलिपल्ट कार्यालय समय भित्र बुझाउनु पर्नेछ।

२. बोलपत्रदाताको हस्ताक्षर सहित शिलवन्दी गरी खाममा बाहिरपट्टी जग्गा बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।

३. आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ।

४. आफुले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत यस सहकारी मा नगद वा यस सहकारी संस्थाको NIC Asia Bank मा रहेको खाता नं. A641497611524001 जम्मा गरेको भौचर वा रसिद बोलपत्र साथ संलग्न गर्नु पर्नेछ।

५. बिक्री सम्बन्धी निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाईनेछैन।

६. यो सूचना प्रकाशित भएको मितिले सोह्रौं (१६) दिनमा दिउँसो १ बजे यस सहकारी संस्थाको कार्यालय अन्नपूर्ण गाउँपालिका-०५, नयाँपूल, कास्कीमा बोलपत्रवाला वा निजको आधिकारिक प्रतिनिधि र विभिन्न सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिने छ। साथै सो दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन उल्लेखित समयमा बोलपत्र खोलिनेछ। यदि बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन।

७. म्याद नाघी वा रित नपुगी आएका तथा कुनै शर्त समावेश गरी पेश गरेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

८. गोप्य शिलबन्दी बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस सहकारी संस्थामा निहित रहनेछ।

९. बोलपत्र स्विकृत भएमा सोको सुचना पाएको ७ (सात) दिनभित्र धरौटी बाहेकको बाँकी रकम यस सहकारी संस्थामा वा यस सहकारी संस्थाको NIC Asia Bank मा रहेको खाता नं.A641497611524001 मा जम्मा गरेको भौचर जम्मा गर्नु पर्नेछ । नामसारी गर्दा मालपोत कार्यालयमा लाग्ने दस्तुर, पूँजीगत लाभकर तथा अन्य आवश्यक दै दस्तुर बोलपत्रवालाले नै वहन गर्नु पर्नेछ।

१०. उल्लेखित जग्गाहरुको बारेमा थप जानकारी लिन चाहेमा यस सहकारी संस्थाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

मोदी बचत तथा ऋण सहकारी संस्था लि.
MODI SAVING & CREDIT CO - OPERATIVE LTD.
**अन्नपूर्ण गाउँपालिका-५, नयाँपूल, कास्की**
**फोन नं. ०६१-५०२०५३**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ९ बास्तोलाथर/ महेन्द्रपुल हुलाकदेखि पालिखे ढाका टोपी पसलसम्मको वाई वाटो पुनः निर्माण र बास्तोला प्रवेशद्वार गेट निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः हुलाकदेखि पालिखे ढाका टोपी पसलसम्मको वाई वाटो पुनः निर्माण र बास्तोला प्रवेशद्वार गेट निर्माण**
**ठेगानाः पोखरा-९ बास्तोलाथर/महेन्द्रपुल**
**योजना सम्झौता मिति : २०७९/११/०८ गते**
**योजना सुरु भएको मिति : २०७९/११/०९ गते**
**योजना सम्पन्न हुने मितिः २०८०/०२/३० गते**
**योजनाको कुल लागत : रु. २९,४१,२३५.०५।-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.२५,००,०००।-**
**जनश्रमदान : रु.४,४१,५००।-**
**उपभोक्ता समिति अध्यक्षः गोपाल प्रसाद बास्तोला**
**सम्पर्क नं. ९८५६०२१६२६**
**उपभोक्ता समिति सदस्य : ९ जना**
**पुरुष सदस्य संख्याः ५ जना, महिला सदस्यः ४ जना**

**हुलाकदेखि पालिखे ढाका टोपी पसलसम्मको वाई वाटो पुनः निर्माण र बास्तोला प्रवेशद्वार गेट निर्माण उपभोक्ता समिति पोखरा-९**

# पोखरा स्पोर्टस् अवार्डका लागि मझेरी रिसोर्ट एण्ड स्पाको साथ

पोखरापत्र संवाददाता
पोखरा, १ बैशाख

यही वैशाख २३ गते पोखरामा हुने सातौं संस्करणको पोखरा स्पोटर्स अवार्ड २०७९ लाई सफल पार्न मझेरी रिसोर्ट एण्ड स्पाले साथ दिने भएको छ।

उक्त अवार्डको हस्पिटालिटी पार्टनरको रुपमा पोखराको लेकसाईडस्थित स्ट्रिट नम्वर १७ मा अवस्थित मझेरी रिसोर्ट एण्ड स्पाले साथ दिने भएको नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले जनाएको छ।

बिहिबार रिसोर्टका अध्यक्ष अर्जुन खनाल र मञ्चका अध्यक्ष दीननाथ बरालबिच सो समझदारीपत्रमा हस्ताक्षर भएको छ। मञ्चले आयोजना गर्ने उक्त अवार्डले गण्डकी प्रदेशको खेल सहित पर्यटन प्रबर्द्धन हुने भएकोले होटलले साथ दिएको अध्यक्ष खनालले बताए । सो कार्यक्रममा रिसोर्टका जेनेरल म्यानेजर सूर्य भूजेल, मञ्चका सचिव शशीकुमार पौडेल, सदस्य सुर्दशन रञ्जितको उपस्थिति रहेको थियो। हालसालै सञ्चालनमा आएको रिसोर्टमा ६० वटा रुम रहेका छन भने न्यूनतम ३ हजार ५ सय देखि १५ हजार मुल्य बराबरका डिलक्स देखि सुइट रुमसम्म रहेको अध्यक्ष खनालले बताए । उनका अनुसार करिव ४ रोपनी क्षेत्रफलमा अवस्थित रिसोर्टमा स्विमिङपुल, प्रसस्त पार्किङ, गार्डेन, एक सय जनासम्म क्षमता भएको सभाहल लगायतका सेवा सुविधाहरु रहेका छन् । पोखरा स्पोटर्स अवार्ड सफल पार्न विभिन्न संघ संस्थाले मञ्चसंग सहकार्य, साथ र सहयोग गर्ने क्रम जारी रहेको मञ्चका अध्यक्ष बरालले बताए । पोखरा स्पोटर्स अवार्ड सम्पुर्ण गण्डकी प्रदेशबासी खेलकुदकर्मीहरुको लागि एउटा इभेण्ट भएकोले उक्त कार्यक्रम सफल पार्न सवैको साथ सहयोग आवश्यक भएको मञ्चका अध्यक्ष बरालको भनाई छ।